# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : चौतारा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक , चौतारा साँगाचोकगढी नगरपालिका , सिन्धुपाल्चोक

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | फणिन्द्र प्रसाद पौडेल | २०७७-१०-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विना ख्याजु | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १८०,८२७,५५४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३१,३४,७७,९७४.८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६९,०३,३६,००० | चालु खर्च | ७३,१५,२९,२९०.३ |
| प्रदेश सरकारबाट अनुदान | ७,६५,१२,००० | पूँजीगत खर्च | ४६,३६,३८,२८३ |
| राजश्व बाँडफाँट | २०,९९,२९,१६१.८ | वित्तीय/अन्य व्यवस्था | ५९,१९,७८४ |
| आन्तरिक आय | २०,४६,४५,८६६.१५ | | |
| अन्य आय | १,०१,७२,५५८ | | |
| कुल आय | १,१९,१५,९५,५८५.९५ | कुल खर्च | १,२०,१०,८७,३५७.३ |
| बाँकी मौज्दात | | २७,७३,११,९२९ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लिखित आर्थिक कारोबारको लेखापरीक्षण ऐन, २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना, २०79 अनुसार नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको आर्थिक विवरण, स्वीकृत वार्षिक कार्यक्रम लगायतका कागजात समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालय प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरि कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस चौतारा साँगाचोकगढी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १४ वडा, ७५ सभा सदस्य, ५० वर्ग किलोमिटर क्षेत्रफल तथा ४२ हजार ९६२ जनसंख्या रहेको छ । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असूली**<br>लेखापरीक्षणको क्रममा दोहोरो भत्ता रकम जम्मा रु. ३५५५००।०० असुल भई राजस्व दाखिला भएको छ। | |
| ४ | | | **एकिकृत आर्थिक विवरण**<br>वित्तीय विवरण<br>स्थानीय संचित कोष आर्थिक वर्ष २०७८।७९ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः | |

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| गत वर्षको जिम्मेवारी | 31,34,77,974.8 | चालु तर्फ | |
| नगद | 0 | संघ सशर्त अनुदान | 402055992 |
| सञ्चितकोष खाता | 174795782.4 | संघ समानिकरण | 87957339 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुदान | | | |
| | | | | चालु खर्च खाता | 44778751.75 | संघ राजश्व बाँडफाँड | 99543827.39 | | |
| | | | | पूँजीगत खर्च खाता | 49322812.59 | प्रदेश सशर्त अनुदान | 5898982 | | |
| | | | | विभाज्य कोष खाता | 20577098 | प्रदेश समानिकरण अनुदान | 17367335 | | |
| | | | | आन्तरिक राजश्व खाता | 130241.05 | प्रदेश अन्य अनुदान | 0 | | |
| | | | | बाँडफाँडबाट प्राप्त राजश्व खाता | 0 | प्रदेश राजश्व बाँडफाँड | 14550481.71 | | |
| | | | | धरौटी खाता | 11308592 | स्थानीय राजश्व बाँडफाँड | 60435106.24 | | |
| | | | | विविध खर्च खाता | 8638903 | आन्तरिक श्रोत | 43720227.00 | | |
| | | | | प्रकोप व्यवस्थापन कोष | 1533153 | आन्तरिक श्रोत (कार्यसंचालन कोष तर्फ) | 851000.00 | | |
| | | | | विभिन्न कोष खाता | 2392641 | पूँजीगत तर्फ | | | |
| | | | | राजश्व | | संघ सशर्त अनुदान | 17118364 | | |
| | | | | | 19138992.15 | | 99679594 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक राजश्व | | संघ समानिकरण अनुदान | | | |
| | | | | राजश्व बाँडफाँड संघ | 109272464.9 | संघ सम्पुरक अनुदान | 5823320 | | |
| | | | | राजश्व बाँडफाँड प्रदेश | 100656696.91 | अन्य अनुदान | 4702500 | | |
| | | | | दहत्तर बहत्तर | 145195557 | संघ राजश्व बाँडफाँड | 75135708 | | |
| | | | | अन्य आन्तरिक आय | 19138992 | प्रदेश सशर्त अनुदान | 15837377 | | |
| | | | | आन्तरिक आयको भ्याड | 18875423 | प्रदेश राजश्व बाँडफाँड | 64546376 | | |
| | | | | लागत सहभागिता | 976902 | प्रदेश विशेष अनुदान | 852669 | | |
| | | | | घुम्ती कोष फिर्ता | 1320000 | प्रदेश सम्पुरक अनुदान | 25256547 | | |
| | | | | | | स्थानीय राजश्व बाँडफाँड | 65094315 | | |
| | | | | वित्तीय हस्तान्तरण संघ | | आन्तरिक राजश्व | 8559669 | | |
| | | | | वित्तीय | 203100000 | आन्तरिक | 81031844 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | | राजश्व(कार्यसंचालन कोष तर्फ) | | | |
| | | | | सशर्त अनुदान | 444836000 | विभाज्य कोष मू अ क फिर्ता | 11615644 | | |
| | | | | समपुरक अनुदान | 8300000 | विविध खर्च खाता | 14207631 | | |
| | | | | विशेष अनुदान | 29100000 | धरौटी फिर्ता | 5919784 | | |
| | | | | अन्य अनुदान | 5000000 | मौज्दात | | | |
| | | | | वित्तीय हस्तान्तरण प्रदेश | | नगद | ० | | |
| | | | | वित्तीय समानीकरण अनुदान | 18248000 | सञ्चित कोष खाता | 1607903.87 | | |
| | | | | सशर्त अनुदान | 24364000 | चालु खर्च खाता | 8203914.05 | | |
| | | | | समपुरक अनुदान | 30000000 | पूँजीगत खर्च खाता | 30979227 | | |
| | | | | विशेष अनुदान | 3000000 | विभाज्य कोष खाता | 70505336 | | |
| | | | | अन्य अनुदान | 900000 | आन्तरिक राजश्व खाता | 23186135.2 | | |
| | | | | | 10172558 | | 26157750 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | धरौटी खाता | | आन्तरिक अनुदान खाता | | | |
| | | | | | | बाँडफाँडबाट प्राप्त राजश्व खाता | 89929161.84 | | |
| | | | | | | धरौटी खाता | 15561366 | | |
| | | | | | | प्रकोप व्यवस्थापन कोष | 1533153 | | |
| | | | | | | विविध खर्च खाता | 1331272 | | |
| | | | | | | विविध कोष खाता | 5924069 | | |
| | | | | | | विभिन्न कोष खाता | 2392641 | | |
| | | | | जम्मा | 1505073561 | जम्मा | 1495425579 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **आन्तरिक नियन्त्रण**<br>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्:<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क बमोजिम ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको ।<br>• तोकिए बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको ।<br>• तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गरेको ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोबरको अनुसुची ११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको कार्यक्रअनुसारको प्रगति विवरण तयार नगरेको<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाताको विवरण नराखेको।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने ।<br>• सञ्चालित योजना कार्य सम्पन्न भए पश्चात सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणको कार्य प्रभावकारी बनाउनुोपर्ने ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ६ | | | **आन्तरिक लेखापरिक्षण**<br>आन्तरिक लेखापरीक्षण- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(2) मा स्थानीय तहले कानून बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणको एक प्रति अन्तिम लेखापरीक्षणका लागि महालेखापरीक्षकको कार्यालयबाट खटिएको डोर समक्ष पेश गर्नुपर्ने उल्लेख छ । तर यस नगरपालिकामा आन्तरिक लेखापरीक्षण शाखा र जनशक्ती नभएका कारण यस वर्ष आन्तरिक लेखापरीक्षण गराएको छैन । त्यसैले ऐनमा व्यवस्था भए बमोजिम नगरपालिकाले आन्तरिक लेखापरीक्षण कार्य मार्फत आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभाबकारी बनाउन ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **कानून निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ११ ऐन, ६ नियमावली, २४ कार्यविधि तथा निर्देशिका, १ आचार संहिता, १ दिग्दर्शन, र १ विधेयक समेत ५४ कानुन एवं कार्यविधिहरु निर्माण गरी कार्यान्यनमा ल्याएको छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहाय बमोजिम छनः छ | |
| ८ | | | **बजेट पेश र पारित**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री जानुका पराजुलीले २०७८।०३।१० गते रु. १ अर्ब १८ करोड ५७ लाख २ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ९ | | | **आर्थिक सहायता**<br>पालिकाले यस वर्ष अनुदान तथा आर्थिक सहायता निर्देशिका, २०७५ बमोजिम विपद व्यवस्थापन, विपन्नलाई औषधी उपचार र विभिन्न सामाजिक सहायता प्रयोजनको लागि ९३ व्यक्तिलाई रु. ३३९९९३१।०० आर्थिक सहायता वितरण गरेको छ । यस्तो खर्चलाई थप व्यवस्थित र पारदर्शी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>
क्षेत्रगत खर्च<br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>१२४१६६५००</td><td>११४२५०४४६</td><td>१६.३३</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>५७९३७९७।४८</td><td>५३९२१२७.२९</td><td>०.७७</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>५१७५५३१००</td><td>४७१००८५९६</td><td>६७.३२</td></tr>
<tr><td>वातावरण तथा विपद् व्यवस्थापन</td><td>१९९५०००</td><td>१९५०६९०</td><td>०.२७</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>१३०३८८४२४</td><td>११२३९९४७७</td><td>१६.०६</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१२५१२९२५०</td><td>११६२३५०४४।९४</td><td>१.६६</td></tr>
<tr><td>जम्मा</td><td>८९९२३२२७४/-</td><td>६९९६०९२०९/-</td><td>१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>
अवण्डा बजेट<br>
अबण्डा बजेट – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतलाई ध्यान दिई बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १० करोड ९७ लाख बजेट अबण्डा राखी उक्त रकम कार्यपालिकाको २०७८।०९।२८ को निर्णयबाट पूँजीगततर्फ बिभिन्न टुक्रे आयोजनाका लागि १०,९७,००,०००।०० बजेट खर्च गरेको छ । तसर्थ बजेट अवण्डा राखी नगरसभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>

**चौमासिक पूँजिगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम २२ मा स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । उल्लेखित विवरण अनुसार तेस्रो चौमासिक पूँजीगत खर्चको ४३.८४ प्रतिशत खर्च भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>संघीय पूँजीगत</td><td>३२३१०</td><td>८५</td><td>२३६५</td><td>२९८५९</td><td>१७५१३</td></tr>
<tr><td>२</td><td>प्रदेश पूँजीगत</td><td>१६६९०</td><td>०</td><td>५७३७</td><td>१०९५</td><td>८९४७</td></tr>
<tr><td>३</td><td>गाउँपालिका पूँजीगत</td><td>३३१८५७</td><td>६९५६७</td><td>१२६२४१</td><td>१३६०४७</td><td>३९७९७</td></tr>
<tr><td></td><td>कूल खर्च</td><td>३८०८५७</td><td>६९६५२</td><td>१३४३४३</td><td>१६७००१</td><td>६६२५७</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>१८।२८</td><td>३५।२७</td><td>४३।८४</td><td>१७।३९</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>

**किरिया खर्च**

नगरपालिका भित्र बसोबास गर्ने नागरिकको जुनसुकै कारण मृत्यु भएता पनि मृत्यु हुने प्रत्येकको परिवारलाई किरिया खर्च वापत रु.५०००।०० उपलब्ध गराउने कार्यक्रम अनुसार यस वर्ष रु.३० लाख बजेट व्यवस्था भएकोमा रु.१२,६२,८४०।०० खर्च भएको छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १४ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. २५०००००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धमा पालिकाबाट हालसम्म कानूनी व्यवस्था भएको देखिएन । | |
| १५ | | | **विल भर्पाई**<br>वील भरपाईः ४०।२०७९।०३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई प्रमाण र कागजात संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । सेतीदेवी पञ्चकन्या माध्यामिक विद्यालयको विज्ञान ल्याव स्थापना गर्न पालिकाले विद्यालयसँग सम्झौता गरी कार्य सम्पन्न गरेको छ । दुई पक्षको सम्झौताको ३ नम्बरमा विद्यालयको अभिलेख अध्यावधिक गर्ने, ४ मा सार्वजनिक लेखापरीक्षण गर्ने र सबै कार्य सम्पन्न पश्चात विद्यालयको खातामा एकमुष्ट रु १०,००,०००।०० निकासा गर्ने सम्झौता गरेको छ । फाइल परीक्षण गर्दा सम्झौता अनुसारका कागजपत्र पेश गरेको छैन । खरिद गरिएका सामाग्रीको वर्गिकरण र जिन्सी दाखिला गरेको छैन । सम्झौतामा भएका शर्तहरु अनुसार कार्य सम्पन्न गरेको कार्य विवरण पेश गर्नु पर्ने रु | १,०००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु | ५२,६८८,००० |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम (रु. हजारमा) |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ४४४८३६ | ४२१५८० | २३२५६ |
| | विषेश | २९१०० | १३९८७ | १५११३ |
| | समपुरक | ८३०० | ३६०५ | ४६९५ |
| | अन्य | ५००० | ४७०३ | २९७ |
| प्रदेश सरकार | शसर्त | २४३६४ | २१७३६ | २६२८ |
| | विषेश | ३००० | ८५३ | २१४७ |
| | समपुरक | ३०००० | २५४४८ | ४५५२ |
| | जम्मा | ५४४६०० | ४८९५१२ | ५२६८८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **मौज्दात सामग्री**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले बार्षिक खरिद योजना तयार गरेर मात्र आवश्यकताका आधारमा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारका सामाग्री खरिद गरी जम्मा रु.१३,५०,३८६।०० खर्च गरेकोमा खरिद पश्चात सो सामग्री बितरण नभई मौज्दातमा नै रहेको पाईयो । मौज्दातमा रहेको देहायका सामानहरु उदेश्य अनुरुप प्रयोगमा ल्याउनुपर्दछ । | |

| भौ.नं. /मिति | कार्यक्रम | आपुर्तीकर्ताको नाम | परिमाण | रकम |
|---|---|---|---|---|
| ११२८/०७९/३/२२ | महिला स्वरोजगार प्रवर्द्धन कार्यक्रम | भगवति मेशिनरी सप्लायर्स | २५ थान गलैंचा तान | ४७९२६१ |
| ११३४/०७९/३/२२ | मागमा आधारित सिपमुलक कार्यक्रम | भगवति मेशिनरी सप्लायर्स | ८ थान गलैंचा तान | १५३३६३ |
| ११५२/०७९/३/२३ | विपद् व्यवस्थापन (वडाबाट) | यति प्लाष्टिक ईण्डष्ट्रिज प्रा. लि. | पाईप | २८०३६२ |
| ११६१/०७९/३/२३ | लघुउद्यम कार्यकक्रम | भगवति मेशिनरी सप्लायर्स | Swing machine-5, Interlock machine-1, cloth cutting machine-1, Industrial complete machine sets -1 | ४३७४०० |
| | | | | १३५०३८६ |

पालिकाले बर्षको अन्त्यमा खरिद गरी वितरण नगरी स्टोरमा मौज्दात राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ साथै पालिकाले आवश्यकताका आधारमा मात्र खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **कार्य विवरण**<br>१२४।२०७९।०१।११ जल्केनी टोल विकास समितीले वडा न १० मा हर्रे रामदेवी गैरीगाउँ मोटरबाटो सुधार कार्य गर्न पालिकासँग सम्झौता गरी ३६ घनमिटर जालि लगाएको प्राविधिकले मुल्याङ्कन गरेको छ । टोल विकास समितीले नापी किताबमा चढेका ३६ घनमिटर ग्याविन बक्स प्राप्तीको स्रोत देखाएको छैन । ग्याविन बक्सको कार्य सम्पन्न भए नभएको अध्ययन गरी प्रमाणीत विवरण पेश गर्नुपर्ने रु. | ८४,८६५ |
| १९ | | | **एउटै प्रकृतिको कार्य**<br>पालिकाले वडा नं ४ मा गणेशथान जाने सडक निर्माण गर्न चागुल टोल विकास समितिसँग सम्झौता गरी कार्य सम्पन्न गरेको छ । भौ. नं ५८ मिति २०७८।११।०४ बाट बाटो ढलान गर्ने कार्यको लागि रु ४७,५,०००।०० र भौ. नं ५६ मिति २०७८।११।३ बाट सोही कार्यको लागि रु २,८५,०००।०० गरी एउटै योजनालाई दूई भौचरबाट जम्मा रु ७६,०,०००।०० भुक्तानी गरेको छ । फाइल परीक्षण गर्दा दुईवटा भौचरबाट भुक्तानी भएको कार्य सम्पनको एउटै फोटो सम्बन्धित फाइलमा पेश भएको छ । फिल्डमा वास्तविक काम भए नभएको अवस्था एकिन गरी प्रमाणित प्रतिवेदन पेश गर्नुपर्ने रु | ७६०,००० |
| २० | | | **नगर प्रमूखको सल्लाहकार**<br>वागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुखले सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले नगर सल्लाहकारको रुपमा श्री चन्द्रप्रसाद सापकोटालाई नियुक्त गरी यस रु. ४,८४,२८४।०० भुक्तानी भएको छ । स्विकृत दरबन्दी नभएको अवस्थामा कानून विपरित सल्लाहकार नियुक्त गरी भुक्तानी गरेको रकम कानुन सम्मत नदेखिएको रु. | ४८४,२८४ |
| २१ | | | **अनुगमन भत्ता**<br>१९।०७८।१२।१९ पालिकाको कृषि शाखाले सञ्चालन गरेको मिनिटिलर मर्मत तालिममा पालिकाका नगरप्रमुख लगाएत ४ जनालाई अनुगमन भत्ता वापत रु ७०००।०० भुक्तानी गरेको छ । पालिका भित्रका कार्यक्रममा अनुगमन भत्ता भुक्तानी गर्न मिल्ने व्यवस्था नभएकोले भुक्तानी गरेको रकम असुल गरी दाखिला गर्नपर्ने रु | ७,००० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **बढी दरमा भूक्तानी**<br>१९।०७८।१२।१९ अर्थमन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को ७.१.१५ मा तालिम गोष्ठी लगाएतका कार्यक्रमको खर्चको सिमा निर्धारण गरेको छ । पालिकाले मिनिटिलर मर्मत तालिममा सहभागीलाई २५ जनालाई ५ दिनको प्रतिदिन १०००।०० का दरले रु १२७७००।०० भुक्तानी गरेको छ । अर्थमन्त्रालयको नर्म्समा प्रतिदिन रु ७०० का दरले भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सहभागीलाई बढी दरमा भुक्तानी गरेको बढी रकम रु ४०२०० सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु | ४०,२०० |
| २३ | | | **राजस्व बाँडफाँट**<br>स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु | ८९,३५१,११२ |

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | २२३३७७७८० | ४० | ० | ८९३५१११२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **विपद् कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । कोषमा गत वर्षको मौज्दात समेत रु. २५७५०६९।०० आम्दानी भई यस वर्ष रु.१३५०१३८।०० खर्च गरी रु. १२२४९३१।०० बाँकी रहेको देखिन्छ । त्यसैले कोष व्यवस्थापनका लागि पालिकाले तोकिए बमोजिम निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| २५ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो बर्ष थप भएको २३ गरी कुल २७ विवाद दर्ता भएकोमा १३ वटा मात्र फछ्र्यौट भई १४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **क्षेत्राधिकार बाहिरको कानून**<br>नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । पालिकाको सहकारी ऐन, २०७४ को दफा ८१ को सजाय अन्तर्गत ८१ (१), ८१ (२) र ८१ (३) मा विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय हुने व्यवस्था गरेको छ । त्यसैले फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी अधिकार संघीय सरकार अन्तर्गत पर्ने देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार गर्नुपर्दछ । | |
| २७ | | | **करार कर्मचारी खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १७ पदमा ९८ जना कर्मचारीहरु करारमा राखी यस बर्ष रु ३,८७,८७,५१५।०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न १७ पदमा २० जना करार नियुक्ति गरी यसबर्ष रु ८८,५९,३३१।०० भुक्तानी गरेको छ । पालिकाले प्रचलित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ । | |
| २८ | | | **करार कर्मचारीको संचय कोष**<br>संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु.१० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । तर पालिकाले करार सेवामा राखिएका कर्मचारीलाई नगर सभाको निर्णय बमोजिम स्थायी कर्मचारी सरह कर्मचारी संचय कोष वापत १० प्रतिशत रकम कट्टी गरी सोही बराबरको रकम नगरपालिकाबाट थप गरी कर्मचारी संचय कोषमा जम्मा गर्दै आएको छ । यस वर्ष करार सेवामा कार्यरत कर्मचारीका लागि संचयकोष वापत नगरपालिकालाई रु.२९,८२,०८४।०० थप व्ययभार परेको छ । पालिकाले यस्तो प्रकारको खर्च गर्दा संघीय सरकारले अवलम्बन गरेको अभ्यास र यसले पार्न सक्ने दूरगामी असर बारे समेत विश्लेषण गरेको छैन । त्यसैले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र र संघीय सरकारले अपनाएको अभ्यास विपरित हुने गरी भुक्तानी गरेको संचय कोष वापतको रकम असूल हुनुपर्ने रु. | २,९८२,०८४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **करार सेवाका कर्मचारीलाई महंगी भत्ता**<br>करार सेवाका कर्मचारीलाई महंगी भत्ता - संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु.१० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । त्यसैगरी संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा गरेको निर्णयको जानकारी गराएको देखिन्छ । तर पालिकाले करार सेवामा राखिएका कर्मचारीलाई नगर सभाको निर्णय बमोजिम स्थायी कर्मचारी सरह मासिक रु. २,०००।०० महंगी भत्ता भुक्तानी दिंदै आएको छ । पालिकाले नगरसभाको निर्णयानुसार यस वर्ष १०५ जना करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता वापत रु.२५,२०,०००।०० खर्च लेखेकोमा उक्त खर्च नियमसम्वत् नदेखिएकाले निर्णयकर्ता समेतलाई जिम्मेवार बनाई उक्त रकम असूल हुनुपर्ने रु. | २,५२०,००० |
| ३० | | | **वडा कार्यालयबाट खर्च**<br>नगरपालिकाले प्रत्येक वडा कार्यालयलाई विल भर्पाई पेश गर्ने गरी चौमासिक रुपमा चौमासिक रुपमा प्रति वडा रु.१ लाखका दरले रु.४२ लाख र योजना संचालनका लागि प्रति वडा रु.७५ लाखका दरले रु.१० करोड ५० लाख समेत गरी जम्मा रु.१० करोड ९२ लाख भुक्तानी दिएको छ । वडा कार्यालयहरुले आफुखुशी बजेट बाँडफाँड गरे पश्चात नगरसभाबाट योजना तथा कार्यक्रम स्विकृत गरी दोहोरो पर्ने गरी प्रशासनिक खर्च र टुक्रे योजनाका लागि रकम भुक्तानी गर्ने गरेका छन् । वडागत रुपमा भएका खर्चमा एकरुपता नदेखिएको तथा काममा दोहोरोपना हुन सक्ने स्थिति समेत रहेको छ । त्यसैले वडा कार्यालयहरुबाट भइरहेको खर्चको विश्वसनीयता र आवश्यकता पुष्टि गर्न कठिन देखिएको एवं खर्चमा दोहोरोपना हटाउदै मितव्ययीता कायम गर्न यस्तो प्रवृतिमा नियन्त्रण हुनुपर्दछ । | |
| ३१ | | | **शिक्षकको तलबमा खर्च**<br>संघ र प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलब भत्ता भुक्तानी भइ सकेको अवस्थामा वडा कार्यालय र सम्बन्धित स्कुल मार्फत् नगरपालिकको सम्बन्धित शाखासँग कुनै समन्वय र सम्पर्क नगरी आफुखुशी शिक्षक नियुक्त गरी नीजि स्रोतका शिक्षकको तलब तथा थप कक्षा वापतको तलब तथा अन्य खर्च वापत दशौं नगर सभाबाट स्वीकृत भए अनुसार १४ वटा वडा कार्यालयहरुबाट यस वर्ष रु.२,१९,८२,३००।०० भुक्तानी भएको छ । त्यसरी तलब भुक्तान भएका शिक्षकको अभिलेख तथा विवरण समेत पालिकासँग रहेको छैन । त्यसैले उक्त खर्चको सही सदुपयोग भए नभएको सम्बन्धमा नगरपालिकाले अनुगमन एवं छानवीन गरी एकिन गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>सामाजिक सुरक्षा</td><td></td></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि २०७७ को दफा १८ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त गरेको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम सोही आर्थिक वर्षमा संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकामा यस आर्थिक वर्ष सामाजिक सुरक्षा शिर्षकमा रु २०,२३,१७,७६८।०० निकासा भएकोमा पालिकाले रु २०,०५,४५,९५२।७९ बैंकमा पठाएको छ भने वितरण गर्न बाँकी रु १७,७१,८१५।२१ पालिकाले फिर्ता गरेको छैन । फिर्ता गर्न बाँकी रकम संघीय सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु<br><table><tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr><tr><td>३२.१.१</td><td>नगरपालिका</td><td>१७,७१,८१५.२१</td></tr></table></td><td>१,७७१,८१५</td></tr>
<tr><td>३२.२</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि २०७७ मा बैंक मार्फत सामाजिक सुरक्षा वितरण गर्दा बैंकले प्रत्येक त्रैमासिकमा वितरण गरिएको रकमको रिभर्स फिड सम्बन्धित स्थानीय तहलाई बुझाउनु पर्ने व्यवस्था छ । तर पालिकाका वडा नं २, ३, ५, १० मा वितरण गरेको सामाजिक सुरक्षा रकमको रिभर्स फिड बैंकले पालिकामा बुझाएका छैनन् पालिकाले सामाजिक सुरक्षा वितरणको अवस्था एकिन गरी कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३२.३</td><td></td><td></td><td>पालिकाले बैंक मार्फत सामाजिक सुरक्षा वितरण गर्दा ३५ जना लाभग्राहीको नाममा दोहोरो निकासा गरी रु ९४९१६६।०० बढी बैंकमा पठाएको छ । दोहोरो निकासा भएको रकम संघीय संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु<br><table><tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr><tr><td>३२.३.१</td><td>नगरपालिका</td><td>९,४९,१६६</td></tr></table></td><td>९४९,१६६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.४ | | | पालिकाले यस वर्ष मृत्यू भएका ८० जना लाभग्राहीको बैंक खातामा रु ४७४५३३।०० निकासा गरेको छ । लेखापरीक्षणको अवधी सम्म बैंकले मृत्यू भएका लाभग्राहीको खातामा जम्मा रहेको रकम फिर्ता गरेको छैन । पालिकाले उक्त रकम संघीय संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु<br><br>**क्रम** / **कर्मचारीको/फर्म/संगठन नाम** / **असुली रकम**<br>३२.४.१ / नगरपालिका / ४,७४,५३३ | ४७४,५३३ |
| ३३ | | | **सेनेटरी प्याड**<br>२८९/०७९/३/२१ -सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ। पालिकाले यस आ.व. रु.३०१६०००/- बजेट बाट १५१९२ प्याकेट सेनेटरी प्याड खरिद गरि रुलार सर्जिकल प्रा. लि. लाई रु.९८७६१५/- भुक्तानी गरेको छ । उक्त सेनेटरी प्याड पालिकाको स्टोरमा मौज्दात देखिएकोले कार्यक्रमको उद्देश्य अनुरुप समयमै वितरण हुनुपर्दछ । | |
| ३४ | | | **बैठक भत्ता**<br>शिक्षा -३४८/२०७९/३/३१- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन सम्बन्धमा २०७९/३/२ गते बैठक बसी एकै दिनमा ३ वटा बैठक भत्ता वापत रु. ४०,०००/- भुक्तानी गरेको छ। भत्ता भुक्तानी गर्दा एउटै मिति तथा समय (२०७९/०३/२ गते साँझ ५.३० गते) रहेको २ वटा माईन्युट बाट दोहोरो भत्ता भुक्तानी भएकोमा दोहोरो परेको भत्ता रकम (९*१५००) रु.१३,५००/- सम्बन्धित बाट असुल गरी दाखिला गर्नुपर्ने रु. | १३,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **सशर्तको रकम फरक शिर्षकबाट खर्च**<br>२६९/०७९/३/१६ -संघीय शसर्त बाट प्राप्त रकम जुन प्रायोजनको लागि प्राप्त भएको हो सोहि कार्यमा तोकिए बमोजिम खर्च गर्नुपर्दछ । पालिकाले सामुदायिक सिकाई केन्द्रलाई अनुदान रकम भुक्तानी गर्दा नपुग भएकोले सेनिटरी प्याड व्यवस्थापन शिर्षकबाट रु. ४०००००/- खर्च लेखेको छ । शसर्तको रकम कानुनले तोकेको शिर्षकमा सम्बन्धित कार्यक्रम सञचालन निर्देशिका बमोजिम मात्र खर्च गर्ने उल्लेख भएकोमा अन्य शिर्षकमा खर्च गरेको नियमसम्मत नदेखिएको रु. | ४००,००० |
| ३६ | | | **उदेश्य विपरित कार्यक्रम सञ्चालन**<br>९६७।२०७९।३।६ नगरसभाबाट स्वीकृत कार्यक्रम अनुसार शहिद परिवारका सदस्यहरुलाई लाभ पुग्ने गरी शहिद परिवार कार्यक्रमका लागि रु.२५ लाख बजेट व्यवस्था भएकोमा उक्त रकमलाई रकमान्तर गरी शहिद प्रतिष्ठान कार्यक्रम मार्फत् शहिद प्रतिष्ठान नेपालको कार्यालय व्यवस्थापन र निर्माण सम्बन्धी कार्य गरेको छ । यसरी पूर्व स्वीकृत कार्यक्रम संचालन नगरी सोको लागि छुट्याईएको रकम लक्षित वर्गको लाभ भन्दा अन्यत्र प्रयोग गर्नु उचित र शहिद परिवार मैत्री नदेखिएको रु. | २,५००,००० |
| ३७ | | | **शिक्षक दरबन्दी पदपुर्ती**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ८० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।<br><table><tr><td>विद्यालय संख्या</td><td>जम्मा दरबन्दी/ पदपुर्ती सख्या</td><td>पदपुर्ती मध्ये स्थायी</td><td>पदपुर्ती मध्ये करार</td><td>विद्यार्थी संख्या</td></tr><tr><td>८०</td><td>४६३</td><td>१८९</td><td>२७४</td><td>११३४४</td></tr></table><br>स्थानीय तह मातहतमा रहेका ८० विद्यालय मध्ये शुन्य दरबन्दी भएका विद्यालयहरुमा पालिकाले दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतबाट तलवभत्ता खुवाउने गरि पदपुर्ति गरेको जनाएको छ । ८० विद्यालयमा ४६३ शिक्षक दरबन्दी रहेकोमध्ये १८९ स्थायी पदपुर्ती र २७४ करार पदपुर्ती रहेको देखिन्छ । दरबन्दी अनुसारको स्थायी शिक्षक पदपुर्ती गर्न ध्यान दिनुपर्दछ साथै आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान र विद्यालय मर्जरको कार्यलाई समेत प्रभावकारी बनाउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>जिन्सी दाखिला<br>पालिकाको स्वीकृत कार्यक्रम अनुसार दलित समन्वय समितिले सम्झौतानुसार कार्यक्रमहरु संचालन गरेको छ । सम्झौताका बखत उल्लेख नभएका जिन्सी सामानहरु खरिद गरेता पनि उक्त सामानहरु दाखिला नगरी व्यक्तीगत रुपमा प्रयोग गरेको देखिन्छ । त्यसैले कार्यक्रमबाट खरिद गरी व्यक्तीगत रुपमा प्रयोग गरिएका निम्न जिन्सी सामानहरु दाखिला गरी प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. र मिति</th><th>खरिद गरेको जिन्सी सामान</th><th>रकम</th></tr>
<tr><td>१</td><td>३१९।२०७८।८।२१</td><td>ल्यापटप आई ५</td><td>१,०२,०००।००</td></tr>
<tr><td>२</td><td>३१८।२०७८।८।२१</td><td>तालिम संचालनका लागि ३० तोला चाँदी</td><td>३८,५५०।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,४०,५५०।००</td></tr>
</table></td><td>१४०,५५०</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>बुद्ध स्तुपा निर्माण<br>नगरपालिकाले ठे.नं.१६-०७७/७८ बाट भ्यू टावर सहितको बुद्ध स्तुपा निर्माण कार्य मू.अ.कर समेत रू.६,२३,९४,२५१/-मा २०७९/२/२२ सम्ममा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी उमा/काली/प्रसिन जे.भी.सँग २०७८/१/१० मा सम्झौता गरेकोमा यो वर्ष रू.९२,९९,०९४/३८ (१४.९६%) स्वीकृत भेरिएसन समेत कार्यसम्पन्न भई निर्माण व्यवसायीलाई दोस्रो देखि पाँचौ तथा अन्तिम रनिङ्ग बिल सम्मको रू.६,०९,८८,३३७/- भुक्तानी गरेको देखियो । कार्यालयले नगरप्रमुख लगायतका जनप्रतिनिधि तथा स्थानीयवासी समेतको अनुरोधमा स्तुपा वरीपरीको पार्कको क्षेत्र केही बढाउनुपर्ने भएकोले त्यसको लागि शुरू सम्झौता उल्लेख भएको भन्दा वाउन्ड्री वाल, स्टोन मेशनरी वाल, आर.सि.सि. कार्य लगायतको कार्य थप गर्नुपरेको जनाई शुरू सम्झौता रकमको १४.९६ प्रतिशत भेरिएसन आदेश जारी गरेको छ । कार्यालयले भेरिएसन आदेश जारी गर्दा समग्र सम्झौता रकममा १४.९६ प्रतिशतको वृद्धि देखिएतापनि आइटमगत रूपमा ७३१.४८ प्रतिशत सम्म परिमाण वृद्धि भएको देखिन्छ । भेरिएसन गर्दा घटी दररेट भएको आइटममा भन्दा बढी दररेट भएको आइटममा धेरै परिमाण वृद्धि गरेको देखिन्छ । कुल भेरिएसन रकम मध्ये रू.८४,४४,६४४/-अर्थात ९०.८१ प्रतिशत वृद्धि आइटम नं.७ को पि.सि.सि. 1:1.5:3 तथा आइटम नं.३० को स्टोन मेसनरी 1:4 कार्यमा भएको देखिन्छ । जसबाट नियमानुसार भेरिएसन जारी भयो भनि विश्वस्त हुन सक्ने अवस्था देखिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>जिन्सी दाखिला<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (१) मा खरिद गरिएका जिन्सी सामाग्री ७ दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले SK Computer Infosys(604998349) विजक न ०३३ बाट 55 Smart Led tv खरिद गरी रु. १८५०००।०० भुक्तानी गरेको छ । पालिकाले उक्त टेलिभिजन खरिद तथा दाखिला गर्दा Specification खुलाएको छैन । उक्त टेलिभिजन पालिकामा Specification सहित दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु</td><td>१८५,०००</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>मू. अ. कर<br>बढी मूल्य अभिवृद्धि कर भुक्तानी - पालिकाका स्वीकृत कार्यक्रमहरु संचालन गर्नका लागि राष्ट्रिय आदिवासी जनजाती महिला महासंघलाई सम्झौताको बुँदा नं. २ अनुसार मूल्य अभिवृद्धि कर सहित निम्नानुसार भुक्तानी भएकोमा मूल्य अभिवृद्धि कर विजक बेगर भुक्तानी दिएको मूल्य अभिवृद्धि कर असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>विजक बेगर भुक्तानी भएको मू.अ.कर</th></tr>
<tr><td>१</td><td>३१६।२०७८।८।२१</td><td>१२ औं राष्ट्रिय जनगणना, २०७८सम्बन्धी कार्यक्रम</td><td>१,९०,०००।००</td><td>२१८५८।४०</td></tr>
</table></td><td>२१,८५८</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>अग्रिम कर कट्टी<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले पालिका भित्र उत्सर्जन हुने फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यको लागि क्रियटिभ सरसफाई प्रा.ली. सँग मासिक रू.२७,५००/-दरले भुक्तानी गर्ने सम्झौता गरी श्रावण देखि आषाढसम्म कुल रू.३,३०,०००/- कम्पनीको प्रतिनिधि सचिन लामाको नाममा भुक्तानी गरेकोमा कम्पनीले नियमानुसार कर वीजक जारी गरेको देखिएन । लेखापरीक्षणको क्रममा कम्पनी दर्ताको कागजात माग गरेकोमा नगरपालिकाले पेश गरेको छैन । कम्पनीले नगरपालिकाबाट सम्झौता अनुसार भुक्तानी लिएको रकमको बील/बीजक जारी नगरेको तथा करकट्टी समेत भएको नदेखिएकोले ऐनमा भएको व्यवस्था बमोजिम १५ प्रतिशतका दरले रू.४९,५००/- अग्रिम करकट्टी गरी संञ्चित कोष दाखिला गर्नुपर्दछ, रू.</td><td>४९,५००</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>रकम दाखिला<br>नगर शिक्षा समितिको बैठक भत्ता वितरण गर्न विद्यलय निरीक्षक श्री गोपाल खड्कालाई भौचर नं. ९४।२०७९।३।२५ बाट रु. १,२४,०००।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म उक्त रकम वितरण नभई बाँकी रहेको देखिएकोले बाँकी रकम रु.६४,८००।०० राजस्व दाखिला हुनुपर्ने रु.</td><td>६४,८००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>मिनि टिलर<br>१९।०७८।१२।१९ अर्थमन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को ७.१.१५ मा तालिम गोष्ठी लगाएतका कार्यक्रमको खर्चको सिमा निर्धारण गरेको छ । पालिकाले देहाएका कार्यक्रममा नर्म्समा तोकेभन्दा बढी दरमा प्रशिक्षण भत्ता भुक्तानी गरेको रकम असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>प्रशिक्षक</th><th>कार्यक्रम</th><th>समय</th><th>दर</th><th>शेषण</th><th>बढी दर</th><th>बढी भूक्तानी</th></tr>
<tr><td>श्री गणेश नेपाल</td><td>मिनिटिलर मर्मत तालिम</td><td>२०७८।१२।१६-२०</td><td>३०००</td><td>४</td><td>१५००</td><td>६०००</td></tr>
<tr><td>श्री सुजन सापकोटा</td><td>मिनिटिलर मर्मत तालिम</td><td>२०७८।१२।१६-२०</td><td>३०००</td><td>४</td><td>१५००</td><td>६०००</td></tr>
<tr><td>श्री राकेश श्रेष्ठ</td><td>मिनिटिलर मर्मत तालिम</td><td>२०७८।१२।१६-२०</td><td>३०००</td><td>४</td><td>१५००</td><td>६०००</td></tr>
<tr><td>श्री चन्द्र प्रसाद काफ्ले</td><td>मिनिटिलर मर्मत तालिम</td><td>२०७८।१२।१६-२०</td><td>३०००</td><td>८</td><td>१५००</td><td>१२०००</td></tr>
<tr><td colspan="6">जम्माः</td><td>३००००</td></tr>
</table></td><td>३०,०००</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>दोहोरो मू. अ. कर<br>भौ.नं.४११-०७८/११/१० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी निकायले रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नेपर्ने उल्लेख छ । कार्यालयले नगरपालिका वडा नं.५ कार्यालय भवन निर्माण कार्य बापत बज्र निर्माण सेवालाई प्रोभिजनल सम अन्तर्गत रहेको वीमा लगायतको कार्यको रू.१,३४,०९०/-मध्ये रू.२०,०००/-बाहेकको रकममा समेत मूल्य अभिवृद्धि कर थप गरी भुक्तानी गरेको देखियो । बिमा लगायतको कार्यको वीजकमा पहिल्यै मूल्य अभिवृद्धि कर समावेश भईसकेको हुनाले रू.१,१४,०९०/-मा मूल्य अभिवृद्धि कर थप दिएको रू.१४,८३२/-निर्माण व्यवसायीबाट असूल गरी दाखिला गर्नुपर्ने, रू.</td><td>१४,८३२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **जिन्सी दाखिला प्रमाण**<br>२३२।२०७८।०९।२१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को नियम ३९(५) मा खर्चको भुक्तानि गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले अरनिमा ईन्टरप्राइजेज प्रा लि (६०५९४६८५९) बाट १० सेट अल्नो तान रु १९४९२।५ का दरले खरिद गरी रु १९४९२५।०० भुक्तानी गरेको छ । उक्त खरिद भएका १० सेट अल्नोका तान पालिकाले जिन्सी दाखिला गरेको छैन र वितरण गरेको भरपाई पनि पेश गरेको छैन । खरिद गरे नगरेको एकिन गरी १० सेट पालिकामा दाखिला गरेको जिन्सी प्रमाण र वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु | १९४,९२५ |
| ४७ | | | **पदमार्ग निर्माण** | |
| ४७.१ | | | नगरपालिकाले ठे.नं.३६-०७६/७७ बाट चौतारा-दारेगौडा पानी ट्याङ्की पदमार्ग निर्माण कार्य मू.अ.कर समेत रू.२,३०,०३,५०३/-मा २०७८/३/२५ सम्ममा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी मालिका देवी/शान्ती देवी जे.भी.सँग २०७७/६/१८ मा सम्झौता गरेकोमा यो वर्ष कार्यसम्पन्न भई निर्माण व्यवसायीलाई दोस्रो, तेस्रो र चौथो तथा अन्तिम रनिङ्ग बिल समेत रू.१,८१,४१,७१२/-भुक्तानी गरेको देखियो । यस सम्बन्धमा देखिएका थप व्यहोराहरू देहाय वमोजिम रहेका छनः | |
| ४७.२ | | | सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ११० मा स्वीकृत बोलपत्रको बोलपत्रदाताले ऐनले तोके बमोजिम कार्यसम्पादन जमानत पेश गर्नुपर्ने र त्यस्तो जमानतको मान्य अवधी खरिद सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लियावलिटिज)को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । उल्लेखित पदमार्ग निर्माण कार्यको लागि निर्माण व्यवसायीले कृषि विकास बैङ्क लि.बाट जारी भएको २०७९/४/२५ सम्म मात्र म्याद भएको रू.६५,५४,०००/-बराबरको कार्यसम्पादन जमानत पेश गरेकोमा निर्माण कार्य २०७९/१/६ मा सम्पन्न भएकोमा कार्यसम्पादन जमानतको अबधि थप गरेको देखिएन । अतः निर्माण व्यवसायीले नियमावलीको व्यवस्था वमोजिम कार्यसम्पादन जमानतको म्याद थप गरी २०८० जेष्ठ सम्म मान्य अवधि भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्दछ, रू. | ६,५५४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७.३ | | | सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ११२ मा स्वीकृत बोलपत्रको बोलपत्रदाताले ऐनले तोके बमोजिम निर्माण कार्य तथा कामदारको बिमा गर्नुपर्ने र त्यस्तो बिमाको मान्य अवधि खरिद सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लियावलिटिज)को अवधि सम्म हुनुपर्ने उल्लेख छ । नगरपालिकाबाट सञ्चालित उल्लेखित पदमार्ग निर्माण कार्यको लागि निर्माण व्यवसायीले अजोड इन्स्योरेन्स कम्पनी ली.बाट जारी भएको २०७८/१०/१९ सम्म मात्र म्याद भएको रू.२,४३,६६०/-बराबरको बिमा कागजात पेश गरेकोमा निर्माण कार्य २०७९/१/६ मा सम्पन्न भएकोमा बिमाको अबधि थप गरेको देखिएन । अतः निर्माण व्यवसायीले नियमावलीको व्यवस्था बमोजिम बिमाको म्याद थप गरी २०८० वैशाखसम्म मान्य अवधि भएको बिमा कागजात पेश गर्नुपर्दछ, रू. | २४३,६६० |
| ४७.४ | | | सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सार्वजनिक निकायले नियमावलीको प्रकृया बमोजिम भेरिएसन आदेश जारी गर्नसक्ने उल्लेख छ । त्यसरी भेरिएसन आदेश जारी गर्दा निर्माण कार्यको ड्रईङ्ग, डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने, भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याई र कारण लगायतका विवरण खुलाई कार्यालय प्रमुखले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पदमार्ग निर्माण कार्यको विस्तृत सम्भाव्यता अध्ययन (डिपिआर) मा उल्लेखित डिजाइन परिमार्जन गर्नुपर्ने, जसको कारण कतिपय आइटममा सम्झौता भन्दा घटी/बढी कार्य गर्नुपर्ने अवस्था सिर्जना भएको कारण देखाई शुरू सम्झौता रकम रू.२,३०,०३,५०३/-मा ठूलो अन्तर नहुने गरी रू.२,३०,०१,५८७/-को भेरिएसन आदेश २०७८/१०/२१ मा जारी गरेको देखियो । नगरपालिकाले विज्ञ परामर्शदातासँग सम्झौता गरी तयार गरेको विस्तृत सम्भाव्यता अध्ययन (डिपिआर) मा उल्लेखित डिजाइन परीवर्तनको कारण देखाई भेरिएसन गरेतापनि परिवर्तित नयाँ ड्रइङ्ग/डिजाइन लेखापरीक्षणको क्रममा पेश गरेको छैन । | |
| ४७.५ | | | कार्यालयले भेरिएसन आदेश जारी गर्दा बिल अफ क्वान्टिटिज (बि.ओ.क्यू.)मा उल्लेखित कुल २९ वटा कार्य मध्ये २१ वटा कार्य सतप्रतिशत गर्नुनपर्ने भनि हटाएको, ४ वटा कार्य १९ प्रतिशत देखि ८८ प्रतिशत सम्म घटाएको तथा ४ वटा कार्यको परिमाणमा २०० देखि ५०० प्रतिशतसम्म वृद्धि गरेको देखिन्छ । कार्यालयले विज्ञ परामर्शदाताबाट तयार गरेको डिजाइन तथा कार्यालयका विज्ञ प्राविधिकले तयार गरेको लागत अनुमानको अधिकांश आइटममा सम्झौता भएको करिब १४ महिना पश्चात डिजाइन परीवर्तनको कारण देखाई भेरिएशन जारी गर्नु मनासिव देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७.६ | | | कार्यालयले भेरिएसन आदेश जारी गर्दा बिल अफ क्वान्टिटिज (बि.ओ.क्यू.)मा उल्लेखित कुल २९ आइटम मध्ये करिब २५ वटा आइटम घटाएर/हटाएर बाँकी ४ वटा आइटममा मात्र परिमाण थप गर्दा न्यून दररेट तथा परिमाण भएका आइटमलाई हटाएको/घटाएको छ भने अधिक दररेट भएको एउटै आइटममा ४६.७४ प्रतिशतले परिमाण थप गरी वार्ताबाट शुरू सम्झौता दरभन्दा ४२.८६ प्रतिशत बढी दर स्वीकृत गरेको छ । जसबाट भेरिएसन पश्चातको कुल सम्झौता रकमको करिब ८९.४८ प्रतिशत रकम एउटै आइटममा खर्च भएको स्थिति छ । यस प्रकारले एउटै आइटममा मात्र कार्य गर्ने गरी निर्माण कार्यको भेरिएसन हुने स्थितिलाई मनासिव मान्न सकिदैंन । | |
| ४७.७ | | | कार्यालयले भेरिएसन मार्फत लागत अनुमानमा समावेश अधिकांश आइटम हटाई बिल अफ क्वान्टिटिज (बि.ओ.क्यू.)को आइटम नं.५ मा रहेको Stone works in cement sand (1:4) mortar in foundation and super structure १२६४.४५ घनमीटर कार्यलाई भेरिएसन मार्फत ४६.७४ प्रतिशतले बढाई २३७४.२७ घनमीटर पुर्‍याएको छ । शुरू सम्झौतामा उक्त कार्य गर्न निर्माण व्यवसायीले रू.६३००/-प्रति घनमिटर दर कबोल गरेकोमा भेरिएसन पश्चात वृद्धि भएको ११०९.८२ घनमीटर कार्य गर्नलाई वार्ता मार्फत रू.९०००/-प्रति घनमीटर दर कायम गरेको देखिन्छ । कार्यालयले शतप्रतिशत भन्दा बढी परिमाणमा घट/बढ भएका अन्य आइटमको लागि वार्ता/ छलफालबाट नयाँ दर कायम नगरी एउटा मात्र आइटममा वार्ता मार्फत दर निर्धारण गरेको देखिन्छ । कार्यालयले वार्ता मार्फत दर निर्धारण गर्दा समेत निर्माण व्यावसायीसँग पर्याप्त छलफल नगरी निर्माण व्यवसायीले पेश गरेको दररेटलाई पहिलो पटकमै रू.९०००/-दिन उचित हुने देखिएको भनि निर्णय गरेको देखिन्छ । यसरी भेरिएसनबाट थपिएको आइटममा पर्याप्त छलफल बेगर बढी दररेट स्वीकृत गरी भेरिएशन आदेश जारी गर्दा समग्रमा सम्झौता रकममा वृद्धि नदेखिएतापनि समग्र कार्यको भुक्तानीको करीब ८९.४८ प्रतिशत अर्थात् रू.२,०२,८८,५०४/-(मू.अ.कर समेत) एउटै कार्यमा भुक्तानी हुने गरी भेरिएसन जारी गरेको देखिएकोले भेरिएसन कार्य मितव्ययी र नियमसम्मत भयो भनि आश्वस्त हुन सकिएन । | |
| ४८ | | | **प्रोभिजनल सम**<br>भौ.नं.४११-०७८/११/१० निर्माण कार्यमा खर्च भए बमोजिम भुक्तानी दिने गरी BOQ को Non Competitive Item तर्फ प्रोभिजनल सममा समावेश भएको विमा, ल्याब टेष्ट लगायतको भुक्तानी दिँदा निर्माण व्यवसायीले उक्त कार्यमा खर्च गरेको रकमको विल पेश हुनुपर्दछ । कार्यालयले नगरपालिका वडा नं.५ कार्यालय भवन निर्माण कार्य वापत बज्र निर्माण सेवालाई प्रोभिजनल सम अन्तर्गत Item No.4 – Dismantling of existing building & another structure वापत रू.५०,०००/- भुक्तानी दिएकोमा निर्माण व्यवसायीले उक्त खर्चसँग सम्बन्धित विल/वीजक पेश गरेको देखिएन । अतः उक्त खर्चसँग समबन्धित विल पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ५०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>

**बाख्रा पकेट**

बाख्रा पकेट कार्यक्रमः- ३१९/०७९/३/२४ र ३३०/३/१५ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअलको तालिका १४ मा बाख्रा लगायत पशु अनुदानमा सरकारले बढीमा ५०% व्योर्ह उल्लेख छ। पालिकाले साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनका लागि तिनवटा कृषि समुहलाई ५/५ वटा बोयर बाख्रा खरिद गरे वापत अनुदान स्वरुप रु. ६,८७,३५०।०० निकासा गरेको छ । अनुदान प्राप्त गर्ने फर्मले बाख्रा खरिदमा खर्च गरेको विल भर्पाई पेश गरे अनुसार ५०% ले हुन आउने रकम रु.२५,०,५००/ भुक्तaनी दिनुपर्नेमा पेश भएको विल भन्दा बढी भुक्तानी रकम रु.४,३६,८५०/ असूल गरी दाखिला गर्नुपर्ने रु

| भौ./मिति | अनुदान पाउने फर्मको नाम | कार्यालयले भुक्तानी दिएको रकम | बिल पेश भएको | भुक्तानी हुनुपर्ने ५०% | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ३१९/०७९/३/२४ | हर्लङ्ग बर्लङ्ग बाख्रा पालन | २३३००० | २६९००० | १३४५०० | ९८५०० |
| ३१९/०७९/३/२४ | बतासे बाख्रा पालन समुह | २३३००० | ० | ० | २३३००० |
| ३३०/०७९/३/२५ | बेत्रावती बाख्रापालन कृषक समुह | २२१३५० | २३२००० | ११६००० | १०५३५० |
| | जम्मा | ६८७३५० | ५०१००० | २५०५०० | ४३६८५० |

</td><td>४३६,८५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **प्रविधि हस्तान्तरण**<br>भौ.नं. ३१६/०७८/३/२४ गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका, २०७७ को दफा ४१ मा प्रविधि हस्तान्तरण गर्दा कार्यालयले ८०% सम्म र लाभग्राहीले २०% सम्म सहभागिता हुनुपर्ने व्यवस्था छ। पालिकाले लघुउद्यम कार्यक्रम अन्तर्गत विभिन्न देहायबमोजिमका ६ वटा समुहलाई प्रविधि हस्तान्तरण वितरण गरी रु.१३५३१८४/- खर्च गरेको छ। सहभागीलाई यसरी प्रविधि हस्तान्तरण गर्दा सहभागिको अंश २०% रहनुपर्नेमा १००% खर्च पालिकाले नै व्यहोरेको पाईएकोले लागतको २०% सहभगिता रकम सम्बन्धित समुहबाट देहाय बमोजिम असुल गर्नुपर्ने रु. | २८२,३५६.२ |

| लाभग्राही फर्मको नाम | विवरण | रकम | सहभगिता हुनुपर्ने रकम (२०%) |
|---|---|---|---|
| उद्यमशिल लघुउद्यमी समुह | तरकारी बंगुर तथा बाख्रा पालन समुहलाई (बंगुर तथा बाख्रा पाठा खरिद) | ४०६९५६ | ८१३९१.२ |
| जर्पिक लघु उद्यमी समुह | छाला जुत्ता बनाउने तालिम सामग्री (जस्ता र कम्प्रेसन मेशिन ) | ९११९१ | १८२३८ |
| कालिदेवि लघु उद्यमी समुह | प्लेट दाना, जस्ता र तान सेट | २२३९७१ | ४४७९४ |
| सानो ओखरेनी चिया उत्पादन लघु उद्यमी समुह | टि रोलिङ्ग मेशिन | ४९७००० | ९९४०० |
| सिर्जनशिल लघु उद्यमी समुह | पानि तान्ने पम्प , जस्ता | १९२६६५ | ३८५३३ |
| | जम्मा | १३५३१८४/- | २८२३५६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **बढी दर**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत संचालित निम्नानुसारको योजनामा लागत अनुमानमा स्वीकृत दर भन्दा बढी दरको प्रयोग गरी सोही अनुसारको दरमा भुक्तानी गर्दा रू. २६५७९५.५३/- बढी भुक्तानी गरेको देखियो । स्वीकृत दर भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रू. | २६५,७९४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विवरण | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौ.नं./मिति | योजनाको नाम/उ.स. | कामको विवरण | परिमाण | स्वीकृत दर | भुक्तानी दर | बढी भुक्तानी | |
| | | | ५६१-०७८/१२/२२ | इर्खु खानेपानी तथा सरसफाई योजना वडा-८ | Earth Work excavation in hard soil for foundation | 238.33 m3 | ४५७.३२ | ६०९.७६ | ३६३३१/- | |
| | | | ५५४-०७८/१२/२२ | गौरीगाउँ ढल तथा नाली व्यवस्थापन वडा नं.८ | Dry stone soling work | 5.29 m3 | ३२६७.३२ | ५१३२.२२ | ९८६५/- | |
| | | | | | Stone masonry work 1:6 c/s mortar | 12.88 m3 | ९१९८/- | १०३३८.७८ | १४६९३/- | |
| | | | ५५१-०७८/१२/२२ | पधेंरीपारी सिंचाई पोखरी मर्मत वडा नं.१४ | Earth Work excavation in Roadway | 258.63 m3 | ४५७.३२ | ५३३.३४ | १९६६१/- | |
| | | | ५४३-०७८/१२/२५ | जुंगे पधेरी ट्याङ्की निर्माण वडा नं. १४ | Cement concrete work 1:1.5:3 | 6.98 m3 | १५९७२.७६ | १७१८४.०३ | ८४५५/- | |
| | | | ५१९-०७८/१२/९ | जितपुर अधेंरी टोल विकास समिति वडा नं. ९ | Stone masonry work 1:4 c/s mortar | 10.26 m3 | ९५९५.९६ | ११३३५.७८ | १७८५०/- | |
| | | | ६९-२०७८/११/१० | कालिका टोल विकास समिती-कमल डाँडा चौतारी निर्माण | Dry stone soling | 6.84 $m^3$ | ३२६७.३९ | ५१३२.२२ | १२७५५.४३ | |
| | | | २६८-०७८।१०।२ | कुबिन्डे पुछारटोल पूर्वाधार विकास तथा वातावरण संरक्षण उ स | Stone masonry wall in 1:4 cement/sand | 40.506 cum | ९५९५.६ | १२८४९.७८ | | |
| | | | | | | | | | १३१७९९.२३ | |
| | | | ३६४-२०७८।१०।२४ | जागरण टोल विकास समिती | Earth work excavation by machine | 37.675 cum | ७६.२८ | ४५७.३२ | १४३८५.८७ | |
| | | | | जम्मा | | | | | २६५७९५.५३/- | |



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>खर्च पुषट्याईको प्रमाण<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च लेख्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले यो वर्ष निम्नानुसार भौचरबाट रू.६५७,०३२/- खर्च लेखेकोमा सो को विल भरपाई लगायतका कागजात लेखापरीक्षणमा पेश गरेको छैन।खर्चको विल, भरपाई लगायत खर्च पुष्ट्याई गर्ने प्रमाणीत कागजात पेश गर्नुपर्दछ, रू
<table>
<tr><th>भौ.नं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>९२१-०७९/३/२५</td><td>ह्यूम पाइप जाली खरिद कार्य</td><td>३५९२७९/-</td><td>न.पा.पूँजीगत</td></tr>
<tr><td>९२६-०७९/३/२५</td><td>शहिद स्मृती पार्कको डिपिआर तयारी</td><td>२९७७५३/-</td><td>न.पा.पूँजीगत</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६५७०३२/-</td><td></td></tr>
</table></td><td>६५७,०३२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **बढी मू. अ. कर भुक्तानी**<br>बढी मूल्य अभिवृद्धि कर भुक्तानी - पालिकाका स्वीकृत कार्यक्रमहरु संचालन गर्नका लागि दलित समन्वय समितिसँग कार्यक्रमगत सम्झौताहरु भई सो अनुसार भुक्तानी भएको छ । सम्झौताको बुँदा नं. २ मा मूल्य अभिवृद्धि कर सहितको सम्झौता भएता पनि देहाय बमोजिम मूल्य अभिवृद्धि कर विजक बेगर भुक्तानी दिएको मूल्य अभिवृद्धि कर असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु. | ११७,१२३ |

| क्र.सं. | भौ.नं. र मिति | विवरण | भुक्तानी रकम | विजकबेगरभुक्तानी भएको मू.अ.कर |
|---|---|---|---|---|
| १ | ३१९। २०७८।८। २१ | दलित आवाज रेडियो कार्यक्रम वापत भुक्तानी गर्दा मू.अ.कर वापत रु.३४,५१३।२७ भुक्तानी भएकोमा रु. ११,७३४।५१ को मात्र मू.अ.कर विजक रहेको । | २,८५,०००। ०० | २१,०५३।१० |
| २ | ३२०। २०७८।८। २१ | दलित गार्भेन्ट उद्योग संचालनका लागि मू.अ.कर वापतरु.३४,५१३।२७ भुक्तानी भएकोमा रु.१२,६७५ को मात्र मू.अ.कर विजकरहेको | ३,००,०००। ०० | २१,८३८।२७ |
| ३ | ३१८। २०७८।८। २१ | गरगहना तालिम संचालनका लागि मू.अ.कर विजक बेगर रु.५४,६४६।०१ मू.अ.कर भुक्तानी भएको । | ५,००,०००। ०० | ५४,६४६।०१ |
| ४ | ७२२। २०७८।१२। २४ | मागमा आधारित सिपमूलक कार्यक्रमको भुकतानी गर्दा मू.अ.कर विजक बेगर रु.१९,५८५।३६ मू.अ.कर भुक्तानी भएको । | १,९०,०००। ०० | १९,५८५।३६ |
| जम्मा | | | | १,१७,१२२।७४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । कार्यालयले यो वर्ष निम्नानुसारको खरिद कार्य प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक रूपमा सम्पन्न गर्नुपर्नेमा टुक्रा टुक्रा पारी विभिन्न आपूर्तकबाट सोझै खरिद गरी रू. ६३८७६०१/- भुक्तानी गरेको नियमसम्मत देखिएन।यसमा सुधार हुनुपर्दछ, रू | ६३८७६०१ |

| भौ नं मिति | खरिद गरिएका सामाग्री | सप्लायर्स | रकम |
|---|---|---|---|
| १९३।२०७९।२।५ | फर्निसिङ सामान खरिद | उडल्याण्ड फर्निचर | ५१३१९४/- |
| १११।२०७८।११।११ | फर्निचर खरिद | उडल्याण्ड फर्निचर | ३५३७८०/- |
| १२/०७८/६/१८ | फर्निचर खरिद | उडल्याण्ड फर्निचर | ३६६५७२/- |
| ५६।२०७८।९।८ | फर्निचर खरिद | उडल्याण्ड फर्निचर | ४५६२३७/- |
| ५६।२०७८।९।८ | फर्निचर खरिद | उडल्याण्ड फर्निचर | ४५४८२५/- |
| | | | **२१४४६०८** |
| ७६/०७८/७/१५ | छपाई सामाग्री खरिद | केशव स्टेशनरी उद्योग | ४९०११५/- |
| १२/०७८/६/१८ | छपाई सामाग्री | एभरेष्ट बुक एण्ड स्टेशनरी | ९९३४९५/- |
| १२/०७८/६/१८ | छपाई सामाग्री | उमेद छापाखाना | १८९६९८/- |
| | | | **१६७३३०८** |
| २९-०७८/६/१९ | कार्यालयको लागि विभिन्न फर्निचर | न्यू जुगल फर्निचर उद्योग | २३३९१० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ३२-०७८/६/१९ | फर्निचर तथा फर्निसिङ सामान | उडल्याण्ड फर्निचर | १८७४६६ | |
| | | | | ९२४-०७९/३/२५ | कुर्सी, खाट, पलङ लगायत फर्निचर | युवराज फर्निचर उद्योग | ३७८४३७ | |
| | | | | ६६८-०७९/१/५ | कुर्सी, टेबल लगायत फर्निचर | युवराज फर्निचर उद्योग | ३९५६८० | |
| | | | | ६१६-०७८/१२/२५ | सोफा सेट, टेबल लगायत फर्निचर | मंगल जीएस फर्निचर | ४९९४०३ | |
| | | | | ५८५-०७८/१२/२४ | फर्निचर तथा फर्निसिङ सामान | जिगिसा हार्डवेयर एण्ड स. | ४३८४९६ | |
| | | | | ५९५-०७८/१२/२४ | फर्निचर तथा फर्निसिङ सामान | सविन हार्डवयेर सेन्टर | ४३६२९३ | |
| | | | | | | | **२५६९६८५** | |
| | | | | | | जम्मा | **६३८७६०१** | |
| ५५ | | | **प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई नगरसभाको निर्णयका आधारमा यस बर्ष २०,००,४०१।०० प्रोत्साहन भत्ता खर्च गरेको छ | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **निकासी परिमाण**<br>नगरपालिकाले आर्थिक वर्ष २०७८।७९ का लागि ढुङ्गा, गिटी तथा बालुवा बिक्री वापतको कर संकलन गर्न इन्द्रवती नदीको वन्देउको ५९ कि.मि. देखि इ्याडी खोलासम्मको १,५६,९९,८५९।६७ घन फिटका लागि भ्याट बाहेक रु.१६,३३,७७,७७९।०० र सुनकोशी नदी साँगाचोकको सिम्ले देखि बलेफिसम्मको ४६,८४,००२।१० घन फिटका लागि भ्याट बाहेक रु.६,००,००,०००।०० बुझाउने गरी काली/साँगा निर्माण जे. भि. सँग सम्झौता गरेको छ । तर नगरपालिकाले उक्त कम्पनीले निकासी गरेको ढुङ्गा, गिटी तथा बालुवाको परिमाण बारे अनुगमन गरेको छैन । ढुङ्गा, गिटी तथा बालुवा निकासीको अनुगमन, नियन्त्रण एवं प्रतिवेदन पक्षमा नगरपालिकाले पर्याप्त ध्यान नदिंदा निज कम्पनीले ठेक्का सम्झौतामा तोकिएको परिमाण भन्दा बढी निकासी भई राजस्व अपचलन हुन सक्ने स्थिति तर्फ सचेत हुनुपर्ने देखिन्छ । | |
| ५७ | | | **कार्य सम्पादन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले उपभोक्ता समितिहरुबाट सञ्चालित कतिपय योजनाको ठेक्का विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **जिन्सी दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता एवं अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पति वा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पति वा जिन्सी खातामा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष निम्न भौ.नं./मिति बाट भुक्तानी गरेको रु.८,४८,९४८/-बराबरको विभिन्न समाग्री जिन्सी खातामा दाखिला गरेको नदेखिएकोले सोको जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने, रू. | ८४८,९४८ |

| भौ.नं./मिति | खरिद गरेको सामान | आपुर्तक | भुक्तानी रकम रु. |
|---|---|---|---|
| ४९-०७८/६/२४ | १६० ए सोलार ब्याट्रि, सोलार प्यानल लगायत | एस. के. कम्प्यूटर इन्फोसेस | २४४५००/- |
| २७-०७८/६/१९ | डेक्सटप डेल, क्यानन् प्रिन्टर, एसर ल्यापटप | एस. के. कम्प्यूटर इन्फोसेस | ४०३९७५/- |
| २९-०७८/६/१९ | मुभुङ चेयर, बुक्र्याक लगायत | न्यू जुगल फर्निचर उद्योग | २००४७३/- |
| जम्मा | | | ८४८९४८/- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **वृत्तचित्र निर्माण**<br>४५४-०७८/११/२२ नगरपालिकाले यो वर्ष यस आर्थिक वर्ष (२०७८/७९)मा सम्पन्न भएका र अघि बढेका भौतिक पूर्वाधार, शिक्षा र स्वास्थ्य, कृषि र उद्यमशिलता र धार्मिक सम्पदा तथा पर्यटन गरी चार वटा शिर्षकका विषय सम्बद्ध आयोजनाहरू साथै जनप्रतिनिधि, कर्मचारी र स्थानीय नागरिकको भनाई समेटी चार वटा वृत्तचित्र ३ महिना भित्र सम्पन्न गर्ने र सो वापत नगरपालिकाले रू.४,५०,०००/-भूक्तानी गर्ने गरी २०७८/६/१८ मा मिटिङ प्वाइन्ट प्रा.ली.सँग सम्झौता गरी आपूर्तकको विलको आधारमा रकम भुक्तानी गरेको देखियो । नगरपालिकाले वृत्तचित्र बनाउने सम्झौता गर्दा कति समयको वृत्तचित्र बनाउने र बनाएको वृत्तचित्र कहाँबाट प्रशारण गर्ने सम्बन्धमा केही उल्लेख गरेको छैन । नगरपालिकाले आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न भएका योजनाको सम्बन्धमा वृत्तचित्र बनाउने सम्झौता गरेकोमा योजना सञ्चालन नै नभई सम्झौता गरेको तथा सम्झौताको अबधि आर्थिक वर्ष शुरू भएको मितिले ६ महिना मात्र रहेकोले पूरा आर्थिक वर्षलाई समेट्न नसकेकोले उक्त वृत्त चित्र उद्देश्य अनुरूप नै निर्माण भयो भनि आश्वस्त हुन सकिएन । लेखापरीक्षणको क्रममा सम्झौता अनुरूप वृत्तचित्र निर्माण गरेको प्रमाण समेत पेश नगरेकोले खर्च रकम नियमसम्मत नदेखिएको, रू. | ४५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **पाईप प्रयोगको प्रमाण** | |

कार्यालयले स्वीकृत योजना र सोमा लाग्ने सामाग्रीको परीणाम यकिन गरेर मात्र खरिद कार्य गर्नुपर्दछ । यो वर्ष नगरपालिकाले सिलबन्दी दरभाउपत्रको माध्यमबाट विभिन्न दुई आपूर्तकबाट तिन पटक गरी देहायअनुसारको रू. ९०,९३,६९४/-मूल्य बराबरको एच.डि.पि.ई. खानेपानी पाइप खरिद गरेको देखियो । नगरपालिकाले खानेपानी पाइप खरिद गर्दा कुन योजनामा उक्त पाइप खर्च गर्ने हो सो समेत यकिन नगरी विभिन्न साइजका पाइप विभिन्न परिमाणमा खरिद गरेको देखियो । खरिद गरेका पाइपहरु विभिन्न लाभग्राही व्यक्तिलाई वितरण गरी खर्च देखाएको छ । नगरपालिकाले खरिद गरेको बाहेक यस्तै प्रकृतीले वडा कार्यालयहरूबाट समेत विभिन्न परिमाणमा खानेपानी तथा सिंचाई पाइप खरिद गरी व्यक्तीलाई वितरण गरेको अवस्था रहेकोले पाइप वितरणमा दोहोरोपना नहोला भन्न सक्ने अवस्था रहेन । वास्तविक योजना यकिन गरी पाईप खरिद गर्ने तथा फिल्डमा भएको जडाम प्रमाणित हुने कागजातका आधारमा मात्र खर्च देखाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| भौ.नं./मिति | आपूर्तक | विवरण | खरिद रकम | कैफियत |
|---|---|---|---|---|
| २२-०७८/६/१५ | जिगिसा हार्डवयेर एण्ड सप्लायर्स | विभिन्न साईजका एच.डि.पि.ई. पाईप | १८९६९५३/- | सिलबन्दी दरभाउपत्र |
| ४२-०७८/६/२२ | जिगिसा हार्डवयेर एण्ड सप्लायर्स | विभिन्न साईजका एच.डि.पि.ई. पाईप | १८८३०८८/- | सिलबन्दी दरभाउपत्र |
| ६५४-०७८/१२/३० | क्रिष्टल प्रडक्ट प्रा.ली. | विभिन्न साईजका एच.डि.पि.ई. पाईप | २९४८७३५/- | सिलबन्दी दरभाउपत्र |
| ६४-२०७८।११।१० | Yati Plastic Industries | 50mm PN 16<br>2450 m | ४७५०००/- | सिलबन्दी दरभाउपत्र |
| २२९-०७८।०९।२१ | जिगिसा हार्डवयेर एण्ड सप्लायर्स | एच डि पि ५२<br>४१४१ मिटर | ४७२४७८/- | सिलबन्दी दरभाउपत्र |
| २२८-०७८।०९।२१ | अरनिमा इन्टरप्राइजेज प्रा लि | HDPE 110 mm 10 kg 234 m<br>25 mm 10 kg 700m | ४५०५३१/- | सिलबन्दी दरभाउपत्र |
| ९-२०७९।०३।०५ | जिगिसा हार्डवयेर एण्ड सप्लायर्स | विभिन्न साईजका एच.डि.पि.ई. पाईप | १३३६११/- | सोझै खरिद |
| ५-२०७८।६।१९ | जिगिसा हार्डवयेर एण्ड सप्लायर्स | विभिन्न साईजका एच.डि.पि.ई. पाईप | ४१४११४/- | सिलबन्दी दरभाउपत्र |
| ४-२०७८।०६।०९ | अरनिमा इन्टरप्राइजेज प्रा लि | विभिन्न साईजका एच.डि.पि.ई. पाईप | ४१९१८४/- | सिलबन्दी दरभाउपत्र |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | | ९०९३६९४/- | | | |
| ६१ | | | **दैनिक भ्रमण भत्ता**<br>**दैनिक भ्रमण/बैठक भत्ता** - वाग्मती प्रदेश अन्तर्गत गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिारीहरुलाई दैनिक भ्रमण तथा अनूगमन मूल्यांकन खर्च भुक्तानी गर्दा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् :<br>• अधिकांश भ्रमणको उद्वेश्य र प्रयोजन स्पष्ट नदेखिएको अवस्थामा उक्त भ्रमण कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने आधार नदेखिएको ।<br>• सार्वजनिक विदाको दिनहरुमा समेत काठमाडौं र हेटौडा स्थित विभिन्न मन्त्रालयहरुमा काम परेको जनाई काज स्विकृत हुने गरेको ।<br>• काठमाडौं भ्रमणमा जाँदा काम आवश्यकता र औचित्य भन्दा बढी दिनको (हरेक काज ७ दिनको) काज स्विकृत गरी दैनिक भ्रमण भत्ता भुक्तानी हुने गरेको ।<br>• भ्रमण पश्चात् पेश हुने भ्रमण प्रतिवेदनमा सो अवधिमा सम्पन्न गरेको कामको स्पष्ट विवरण उल्लेख हुन नगरेको ।<br>• तोकिए बमोजिम भ्रमण अभिलेख खाता नराखेको ।<br>• कार्यालय समयमै बैठक बसी भत्ता भुक्तानी हुने गरेको ।<br>अतः स्पष्ट प्रयोजन, उद्वेश्य र आधार बेगरको भ्रमण खर्च नियन्त्रण गर्न भ्रमण स्वीकृत गर्ने पदाधिकारीले थप ध्यान दिनुपर्ने देखिन्छ । | | | | | | | |
| ६२ | | | **मनोपरामर्शकर्ता छनौट**<br>भौ.नं.२०/०७८/९/२० आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । पालिकाले मनोपरामर्शकर्ता छनौट गर्न खटिएका कर्मचारीको लागि बैठक भत्ता वापत रु. ६७,५००/ भुक्तानी गरेकोमा पेश भएको प्रमाण कागजातमा २०७७/८/३० गतेको मनोपरामर्शकर्ता छनौट गर्दाको कागजात पेश भएको पाईयो । २०७७ सालको छनौट प्रकृयाको भुक्तानी अघिल्लो आ.व. मा नै भैसकेको हुन सक्ने हुँदा दोहोरो भुक्तानी हुन सक्ने भएकोले भुक्तानी दिन बाँकिको प्रमाणित विवरण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | | | | | | | ६७,५०० |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६३</td><td></td><td></td><td>निर्माण कार्यको लागत अनुमान<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स तथा दररेट अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले टोल विकास समिति तथा उपभोक्ता समितिबाट सम्पन्न गरेका योजनाहरूमा लागत अनुमान तयार गर्ने र सोही अनुसार नापी तथा कार्यसम्पन्न तयार गर्ने गरेको देखिन्छ । हालसम्म नगरपालिकाले निर्माणतर्फ आफ्नो छुट्टै दररेट स्वीकृत गरेको छैन । नगरपालिका अन्तर्गत गरिने निर्माण कार्यमा डोलिडार र भवन विभागको दररेटलाई आधार मानी लागत अनुमान तयार गर्ने गरेको छ । जसको कारण स्थानीय बजारमा न्यूनतम दरमा पाइने सामाग्रीको समेत उच्चदर राखि लागत अनुमान तयार हुने गरेको छ । जसले गर्दा नगरपालिकाले तयार गर्ने लागत अनुमान यथार्थपरक छ भनि आश्वस्त हुनसक्ने अवस्था देखिएन ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>जटिल संरचना निर्माण<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत टोल विकास समिति तथा उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४२।०७९।०३।२४</td><td>लामाचौर मुलखर्क टोल विकास समिति</td><td>प्याराग्लाइडिङ पूर्वाधार निर्माण</td><td>९५००००।००</td></tr>
<tr><td>१३।०७८।१२।२९</td><td>खालेखोला झारे झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति</td><td>झोलुङ्गे पुल निर्माण</td><td>१४४२७१६।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२३९२७१६।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>परामर्श सेवा<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्य गराउन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ । कार्यालयले यो वर्ष देहाय बमोजिमको कार्य विभिन्न परामर्शदाताबाट गराई रू.९९८०५७७/- भुक्तानी गरेको छ । कार्यालयले यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई कोटेशन मार्फत खरिद गरी लागत अनुमान कै हाराहारी रकम खर्च गरेको छ । कार्यालयले बजेट व्यवस्था भई कार्यान्वयन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हुने आयोजनाको गुरुयोजना, डी.पी.आर लगायतको अध्ययन कार्य गराउँदा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिको अधिकतम प्रयोग गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ । | |

| परामर्शदाता | कार्य | भूक्तानी रकम |
|---|---|---|
| सागर गंगा इन्जिनियरिङ्ग एण्ड विल्डर्स प्रा.ली. | औधोगिक ग्राम निर्माणको डि.पी.आर तयारी वडा नं.-४ | १८८२२०७/- |
| सुमारी कन्सल्ट्यान्ट एण्ड डिजाइनर्स प्रा.लि. | सुनकोशी र इन्द्रावती नदी क्षेत्रको वातावरणीय आध्ययन पुनरावलोकन | २९६३२१/- |
| मिड प्वाइन्ट इन्जिनियरीङ्ग कन्सल्ट्यान्सी | नगरपालिका भवनको विभिन्न कोठाहरूको इन्टेरिएर डिजाइनको डिपिआर | ४९७४१४/- |
| सिभिल लिङ्क इन्जिनियरिङ्ग कन्सल्ट्यान्ट | ५ वर्षिय नगर विकास योजना तर्जुमा कार्य | १९९४४५०/- |
| त्रिपुरा परामर्श सेवा केन्द्र | हार्वु स्वास्थ्य चौकी र स्याउले स्वास्थ्य चौकीको सामाजिक परीक्षण कार्य | १६६७२५/- |
| Preparation of Detail Engineering Survey, Design,Cost Estimation & Report Preparation of | Araniko Associates Pvt | ४७३०८०/- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | Golmadevi Water Supply Project,CSGM-14 | Ltd | | |
| | | | Topographic Survey, Master Plan & Preparation of DPR of Mlangchet Audhogik Gram, Chautara Sindhupalchowk, RFPNo: CSGM/RFP-01/078/79 | Sagar Ganga Engineering & Builders Pvt.Ltd | १८८२२००/- | |
| | | | Detail Project Report(DPR) and Supervision Works of Interior Designing Works of Chautara Sangachokgadi Municipality Administrative Building, Chautara | Mid-Point Engineering Consultancy | ४९७४१०/- | |
| | | | Preparation of Periodic Development Plan(PDP) of Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok, RFP No: CSGM/RFP-02/078/79 | Civil Link Engineering Consultant(CLEC) | १९९४४५०/- | |
| | | | चौतारा साँगाचोकगढी नगरपालिका,चौतारा सिन्धुपाल्चोक भएर बग्ने इन्द्रावती र सुनकोशी नदी तथा सो संग मिल्ने प्रमुख खोल्सीहरुको विभिन्न क्षेत्रबाट दिगो रुपमा ढुंगा,गिट्टी तथा बालुवा संकलन / उत्खनन्कार्य संचालनक लागि स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदनको Revised गर्ने कार्य | Suvari Consultant & Designers Pvt.Ltd. | २९६३२०/- | |
| ६६ | | | **सिमेन्टको प्रयोग** | | | ९६,७०५ |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै टोल विकास समिति र उपभोक्ता समितिसँग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ। नगरपालिकाले देहायका योजनामा ओ.पि.सि.सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी टोल विकास समिति तथा उपभोक्ता समितिसँग सम्झौता गरेकोमा पि.पि.सि. सिमेन्ट खरिद गरी प्रयोग गरेको मू..अ.कर वीजक समावेश गरेकोमा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको छ । जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दर प्रति बोरा रु. ८४० (मू.अ.कर बाहेक) र पि.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.७०० (मू.अ.कर बाहेक) रहेको छ । तोकिएभन्दा फरक गुणस्तरको सिमेन्ट प्रयोग गर्दा एकातर्फ तोकिएको गुणस्तर बमोजिमको कार्य भएको छैन भने अर्कोतर्फ प्रति बोरा रु.१५८/२० (मू.अ.कर समेत) का दरले रू. ९६७०५.९५/- बढी भुक्तानी भएको छ । नमुना छनौट गरिएका तपसिल बमोजिमको योजनामा तोकिए भन्दा फरक गुणस्तर तथा मुल्यको सिमेन्ट(पिपिसि) प्रयोग भएको अवस्थामा समेत लागत अनुमानमा उल्लेख भएको ओपिसि सिमेन्ट कै दरमा भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको, रु

| गोश्वरा भौचर | उपभोक्ता समिति/कार्य | कार्यसम्पन्न अनुसार सिमेन्ट वोरा संख्या | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| ९३५-०७९/३/२५ | कालिदेवी टोल विकास समिति-नेपाली टोल गार्मेन्ट भवन निर्माण | ९९.२८ | १५८/२० | १५७०६/- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ९३७-०७९/३/२५ | वागेश्वरी टोली विकास समिति - आलडाँडा विसौनी दलितवस्ती बाटो स्तरोन्नती | ९८.१३ | १५८/२० | १५५२४/- |
| ५२०-०७८/१२/१० | प्रगतिशिल टोल विकास समिति – कालिदेवी मन्दिर निर्माण कार्य | ९१ | १५८/२० | १४३९६/- |
| ४२०-०७८/११/१० | श्री राजेन्द्र राना मगर स्मृती प्रतिष्ठान – नववुद्ध बिहार देखी रानाथोक गाउँसम्म बाटो निर्माण | ७४.२९ | १५८/२० | ११७५३/- |
| ४१४-०७८/११/१० | उत्रायणी टोल विकास समिति – कोइराले बाजे सिंचाई पोखरी निर्माण | १०६.३४ | १५८/२० | १६८२३/- |
| १०६-०७८।१२। १५ | हर्रे टोल विकास समिति-मसानघाट निर्माण | ९२.२५ | १५८/२० | १४५९३/९५ |
| १०५-२०७८।१२। २५ | हर्रे टोल विकास समिति- पल्लो डाँडे गुठिघर निर्माण | ५० | १५८/२४चभ० | ७९१० |
| | जम्मा | | | ९६७०५.९५/- |

| | | | | |
|---|---|---|---|---|
| ६७ | | | **पूर्वनिर्धारित क्षतिपुर्ती**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त बमोजिम निर्माण व्यवसायीले सम्झौता अवधिमा सम्झौता अनुसारको कार्य सम्पन्न नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ती असूल गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले यस वर्ष विभिन्न निर्माण कार्यको लागि देहाय अनुसारका निर्माण व्यवसायीसँग सम्झौतामा तोकिएको अवधि भित्र निर्माण कार्य गर्नुपर्ने र उक्त अवधिमा सम्झौता अनुसार कार्य सम्पन्न गर्न नसकेमा सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम पूर्व निर्धारीत क्षतिपूर्ति असुल गर्नेगरी खरिद सम्झौता गरेकोमा देहायका निर्माण व्यवसायीले सम्झौता अवधिभित्र तोकिएको कार्य सम्पन्न गर्न नसकेको र सो सम्बन्धमा निर्माण व्यवसायी तथा नगरपालिका दुवैतर्फबाट म्याद थपको कुनै कारबाही समेत गरेको नदेखिएकोले | २,०९७,४९२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली तथा सम्झौताको शर्त बमोजिम सम्बन्धित निर्माण व्यवसायीबाट पूर्वनिर्धारीत क्षतिपूर्ती वापत देहाय बमोजिमको रु.२०,९७,४९२/- असुल गर्नुपर्ने देखिएको, रू. | |

| सम्झौता मिति | सम्झौता रकम (मू.अ.कर बाहेक) | निर्माण व्यवसायी | कामको विवरण | कार्य सम्पन्न | | ढिला दिन | पूर्व निर्धारित क्षतिपूर्ति रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | गर्नुपर्ने | भएको | | |
| ०१/०८/२०७८ | २२३५७५०/- | धिताल निर्माण सेवा | सानो सिरूवारी पालेडाँडा खेल मैदान निर्माण | ०७८/३/२१ | ०७८/५/१६ | ५५ | ६१४८३ |
| ०३/०३/२०७८ | ४२०२८३२/- | सुपर जुनियर वोम्जन निर्माण सेवा | भिरकुना गुदाने सडक स्तरोन्नती कार्य | ०७८/३/२१ | ०७८/५/२२ | ६१ | १२८१८६ |
| ०९/०१/२०७७ | २०१७१९३३/- | भिसिपिएल / बिएनएस जेभी | नगरपालिका भवन निर्माण | ०७८/४/६ | ०७८/५/३० | ५४ | ५४४६४२ |
| ४५-०७८/६/२२ | २०३५७०८२/- | मालिका देवी/शान्ती देवी जेभी | चौतारा-दारेडाँडा पानी ट्याङ्की पदमार्ग नि. | ०७८/८/३० (३ महिना म्याद थप समेत) | ०७९/१/६ | १२६ | १२८२४९६ |
| ७२५-०७९/१/२५ | १४६७०१५६/- | गौरी गणेश / आरबी/ अविज जेभी | साँगाचोक-छाप सडक निर्माण | ०७९/१/१४ | ०७९/१/२५ | ११ | ८०६८५ |
| | | जम्मा | | | | | २०९७४९२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६८</td><td></td><td></td><td>

**कोभिड खर्च**

आ.व. २०७८/७९ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः-

<table>
<tr><td>आम्दानी स्रोत</td><td>रकम रु</td><td>खर्च शिर्षक</td><td>रकम रु</td></tr>
<tr><td>गत बर्षको बाँकी</td><td>०</td><td>राहत वितरण</td><td>०</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटवाट</td><td>६६५००००</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>०</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td>८१८००००</td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>६५२१५५</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>०</td><td>खोप कार्यक्रम खर्च</td><td>२१९८११८</td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च</td><td>२१९१८९</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>९९७२६३</td></tr>
<tr><td></td><td></td><td>सामाग्री खरिद</td><td>२५८३१७९</td></tr>
<tr><td></td><td></td><td>वाँकी</td><td>८१८००९६</td></tr>
<tr><td>जम्मा</td><td>१४८३००००</td><td></td><td>१४८३००००</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>

**सवारी साधन**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २५ थान दुई पांग्रे सवारी साधन खरिदमा रु. ६२,०६,२००।०० र ५ थान चार पांग्रे सवारी साधन खरिदमा रु. १,४४,००,०००।०० का समेत गरी जम्मा रु. २,०६,०६,२००।०० खर्च गरेको छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>प<br>:<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका १४ वडाहरुमा ५२ निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४०६ जनालाई रोजगारी उपलब्ध गराई रु. २,३४,२६,२००।०० खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना हुने देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **हेभिईक्विपमेन्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । यो वर्ष उपभोक्ता समितिले हेभी इक्विपमेन्ट प्रयोग गरी निर्माण कार्य गरेका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| उपभोक्ता समितिको नाम/काम | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|
| वडा विकास समिति - कोटडाँडा हर्रे भुलभुले नर्सिङडाँडा सडक स्तरोन्नती कार्य | ३,१३,७३२/- | डोजर, एक्साभेटर | ३,१४,६४९/- |
| क्याम्पस चोक टोल विकास समिति – वडा नं.५ मा खेल मैदान निर्माण कार्य | १०,५२,८८७/- | डोजर, एक्साभेटर | १०,५२,०९२/- |
| इन्द्रावती टोल विकास समिति – वडा भित्रका सडक सरसफाई कार्य | ४,७६,३५९/- | डोजर, एक्साभेटर | ४,०१,३९२/- |
| कालिमाटी कोदारी टोल विकास समिति – कोदारी वालुवा सडक मर्मत कार्य | ३,१६,५८२/- | डोजर, एक्साभेटर | ३,१४,६४९/- |

| | | | | |
|---|---|---|---|---|
| ७२ | | | **टोल विकास समितिद्धारा खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सम्पन्न गरिने कार्य सम्बन्धमा व्यवस्था छ । नियमावलीमा उपभोक्ता समितिले आफूले सम्झौता गरेको योजना प्रयोग गर्न बाहेक अन्य अवस्थामा खानेपानी पाईप, ह्यूम पाइप, तारजाली लगायतका निर्माण सामाग्री छुट्टै खरिद गर्न वा खरिद गरी मौज्दात राख्न मिल्ने व्यवस्था छैन । यो वर्ष नगरपालिकाले देहाय अनुसारका टोल विकास समितिलाई योजना समेत किटान नगरी खानेपानी पाईप, ह्यूम पाइप, तारजाली लगायतका सामाग्री खरिदको विल बमोजिम रू.२१,१४,५३२/- भुक्तानी गरेको देखियो । यसरी टोल विकास समितिले खरिद गर्नुको कारण तथा खरिद भएका | २,११४,५३२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उक्त सामाग्री कहाँ, कहिले, कसरी प्रयोग भयो भन्ने सम्बन्धमा नगरपालिकाले थप स्पष्ट गरेको छैन । अतः पालिकाले स्पष्ट कार्ययोजना बेगर टोल विकास समितिबाट खरिद भएका देहाय अनुसारका सामाग्री तथा त्यसको उपयोगको अवस्था समेत यकिन गर्नुपर्दछ, रू. | |

| टोल विकास समिति | खरिदको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| भगवती टोल विकास समिति | खानेपानी/सिंचाई पाइप खरिद | १९००००/- | न.पा. पूँजीगत |
| लामाचौर भुलखर्क टोल विकास समिति | ३२ एमएम खानेपानी पाइप | १९००००/- | न.पा. पूँजीगत |
| प्रगतिशिल टोल विकास समिति | ३२ एमएम खानेपानी पाइप | १५००००/- | न.पा. पूँजीगत |
| ठूलो सिरूवारी वडा विकास समिति | १७ थान ह्यूम पाइप खरिद | १९००००/- | न.पा. पूँजीगत |
| वडा विकास समिति, वडा नं. १३ | सिंचाई पाइप खरिद | २८५०००/- | न.पा. पूँजीगत |
| वडा सचिव उमेश शिल्पकार, वडा नं. १२ | खानेपानी पाइप खरिद | १९००००/- | न.पा. पूँजीगत |
| झ्याडी टोल विकास उपभोक्ता समिति, वडा १४ | तटबन्धन नियन्त्रण जाली खरिद | ५७००००/- | न.पा. पूँजीगत |
| इन्द्रावती टोल विकास समिति | ४० थान ह्यूम पाइप खरिद | ३४९५३२/- | न.पा. पूँजीगत |
| जम्मा | | २११४५३२/- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **टोल विकास समितिद्वारा कार्य**<br>सार्वजनिक खरिद ऐन, २०६४ को दफा ८(१)(क)(५) अनुसार मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराएर गर्न सकिने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) मा एक करोड रुपैंयासम्मको काम उपभोक्ता समिति वा लाभग्राही समूहबाट मात्र गराउन सकिने व्यवस्था छ । नगरपालिकाले टोल विकास समिति गठन, संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ बमोजिम स्थानीय स्तरमा संचालन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि विभिन्न ९७ वटा संस्थाहरु दर्ता गरेको छ । नगरपालिकामा दर्ता भएका उक्त | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संस्थाहरु कारोबार गर्दा अनिवार्य रुपमा विल विजक जारी गर्ने शर्तमा आन्तरिक राजस्व कार्यालयमा गैह्र सरकारी संस्थाको रुपमा दर्ता भएको देखिन्छ । यस वर्ष नगरपालिकाले उक्त गैह्र सरकारी संस्थाहरुलाई उपभोक्ता समिति वा लाभग्राही समुदाय सरह मान्यता दिई प्रतिस्पर्धा बेगर रु. २७४९७०१३५/- को निर्माण कार्य गराई भुक्तानी दिएको छ । जस अनुसार उक्त गैह्र सरकारी संस्थाहरु व्यावसायिक कार्यमा संलग्न भएको सहज अनुमान गर्न सकिन्छ । तर त्यस्तो कार्य गरे वापत गैह्र सरकारी संस्थाको रुपमा दर्ता भएका त्यस्ता टोल विकास समितिहरुले नियमानुसार मूल्य अभिवृद्धि कर विजक जारी नगरी मूल्य अभिवृद्धि कर वापतको रकम समेत भुक्तानी लगेको देखिन्छ । विद्यमान सार्वजजिक खरिद कानूनले उपभोक्ता समिति वा लाभग्राही समूहका रुपमा पहिचान नगरेका गैह्र सरकारी संस्थाबाट उपभोक्ता समितिको प्रक्रिया अनुसार प्रतिस्पर्धा बेगर गराएको निर्माण कार्य नियम सम्मत देखिएन । | |

| कार्यक्रमको नाम | योजना संख्या | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|
| नगरपालिका | ५२२ | २४७३९४००० | २१९३२१५०० |
| वडा नं १ | १५ | ४२५०००० | ४०३७५०० |
| वडा नं २ | २८ | ५४२०००० | ५१४९००० |
| वडा नं ३ | २८ | ३८००००० | ३६१०००० |
| वडा नं ४ | २२ | ४७००००० | ४४६५००० |
| वडा नं ५ | २६ | ३९३९४०० | ३७४२४३० |
| वडा नं ६ | ३१ | ३८८०००० | ३६८६००० |
| वडा नं ७ | १४ | ३९००००० | ३७०५००० |
| वडा नं ८ | १९ | ३५७०००० | ३३९१५०० |
| वडा नं ९ | १५ | ५८५०००० | ५८५०००० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा नं १० | ३१ | ३३३०००० | ३१६३५०० | | |
| | | | | वडा नं ११ | ३३ | ४७३८१९० | ४५१२८०५ | | |
| | | | | वडा नं १२ | ३२ | ५११०००० | ४८५४५०० | | |
| | | | | वडा नं १३ | ११ | २२५०००० | २१३७५०० | | |
| | | | | वडा नं १४ | १५ | ३५२०००० | ३३४४००० | | |
| | | | | | जम्मा | ३०५६५१५९० | २७४९७०२३५ | | |
| ७४ | | | **पदाधिकारी सुविधा**<br>पालिकाले पालिकाका पदाधिकारीलाई वर्षभरीमा संचारमा रु. १२,४४,०९७/-, खाजामा रु. १४,०४,८२३/-, पुस्तक, पत्रपत्रिका, इन्टरनेटमा रु. ८,६१,२५८।१० खानेपानी तथा बिजुलीमा रु. ७,४७,०१६।१०, सरसफाई तथा मर्मतमा रु. २,६५,८७१/-, यातायात खर्च रु १३,९६,४४८/-, समन्वय भत्ता रु १३,५५,२४२/-, अतिथि सत्कारमा रु. २२,०८,७९०/- समेत गरी जम्मा रु. ९४,८३,५४५/- भुक्तानी गरेको छ । | | | | | | |
| ७५ | | | **कन्टिन्जेन्सी खर्च**<br>सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० एवं अनुसुची १ ले कन्टिन्जेन्सी खर्चको व्यवस्था गरेको छ । साथै, अर्थ मन्त्रालयको २०७०।१।२४ को परिपत्र बमोजिम आयोजनाले खर्च गर्ने ४ प्रतिशत कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत रकम पूँजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले कन्टिन्जेन्सी तर्फको छुट्टै खाता व्यवस्थित नगरेबाट कन्टिन्जेन्सी वापतको आम्दानी र वास्तविक खर्च रकम यकिन गर्न सकिएन । कार्यालयले कन्टिन्जेन्सी रकमबाट मसलन्द तथा कार्यालय सामान, भ्रमण खर्च, विविध खर्च लगायतमा रकम खर्च गर्ने गरेको छ । मन्त्रालयको परिपत्र बमोजिम कन्टिन्जेन्सी वापतको रकम खर्च गर्नुपर्दछ।साथै, कन्टिन्जेन्सी खाताको छुट्टै अभिलेख व्यवस्थित गर्नुपर्दछ। | | | | | | |
| ७६ | | | **पेश्की बाँकी**<br>**पेश्की बाँकी** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने र नगरेमा बाँकी पेश्की रकममा म्याद नाघ्को मितिले वार्षिक दश प्रतिशका दरले व्याज लगाई असूल गर्नुपर्ने | | | | | | ६,१५०,९१८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, निर्माण व्यावसायी र संस्थालाई उपलब्ध गराएको म्याद ननाघेको पेश्की रु ४९८०९१८।०० र म्याद नाघेको पेश्की रु ११७००००।०० गरी जम्मा रु ६१०७९१८।०० पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि पछ्यौंट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्यौंट हुनुपर्दछ । | |

| पेश्की लिएको मिति | बजेट उप-शिर्षक नं. | कार्यक्रम/योजनाको नाम | पेश्की लिने व्यक्तीफर्म वा कम्पनी | म्याद नाघेको |
|---|---|---|---|---|
| ०३/२२/२०७९ | २७२१९ | किरिया खर्च | सिम्रण नेपाल | ३०००० |
| ०६/२०/२०७८ | ३११५९ | गत आ व २०७७/७८ मा कार्य सम्पन्न भएको तर भुक्तानी हुन बाँकी योजनाको लागि भुक्तानी गर्नुपर्ने | डायमण्ड सिन्धु सप्लायर्स एण्ड विल्डर्स प्रा. लि. | ३००००० |
| ०९/०७/२०७८ | ३११५९ | गत आ व २०७७/७८ मा कार्य सम्पन्न भएको तर भुक्तानी हुन बाँकी योजनाको लागि भुक्तानी गर्नुपर्ने | डायमण्ड सिन्धु सप्लायर्स एण्ड विल्डर्स प्रा. लि. | १३८४३३ |
| ०९/१३/२०७८ | ३११११ | ५ नं वडा कार्यालय भवन निर्माण | बज्र निर्माण सेवा | ७८१३२५ |
| ०९/२३/२०७८ | ३११५९ | साँगाचोकगढी निर्माण तथा संरक्षण | जलुकेनी एरिका शान्तिदेवी जे भी | ३१४१०३ |
| १०/१२/२०७८ | ३११५९ | साँगाचोकगढी निर्माण तथा संरक्षण | जलुकेनी एरिकाशान्तिदेवी जे भी | ७३०००० |
| ११/२३/२०७८ | ३११५८ | फोहोरमैला व्यवस्थापन ल्याण्ड फिल्ड साइट (वडा नं ५) | समिर मालिकादेवी बज्र जे भि | ११८२५०० |
| ११/२५/२०७८ | ३११५८ | फोहोरमैला व्यवस्थापन ल्याण्ड फिल्ड साइट (वडा न५) | समिर मालिकादेवी बज्र जे भि | ४६३५०४ |
| ०२/२६/२०७९ | ३११५८ | फोहोरमैला व्यवस्थापन ल्याण्ड फिल्ड साइट (वडा नं ५) | समिर मालिकादेवी बज्र जे भि | ४३८०५३ |
| ११/२३/२०७८ | २५३१३ | रासायनिक मलमा घुम्ती कोष स्थापना तथा संचालन | शान्ति दिप कृषि सहकारी संस्था | ३०३००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | लि | |
| ११/३०/२०७८ | २५३१३ | रासायनिक मलमा घुम्ती कोष स्थापना तथा संचालन | कटुञ्जे पानी कृषक सहकारी संस्था लि | ३३०००० |
| ०६/२४/२०७८ | २२५२२ | कन्टीन्जेन्सी रकम | सरुप सिं तामाङ | ४००००० |
| ०६/२४/२०७८ | २२३१९ | कोभिड तथा स्वास्थ्य चौकी व्यवस्थापन | केशव नापित | १००००० |
| ०९/१९/२०७८ | २७२१९ | किरिया खर्च | रोहित शर्मा | ५००००० |
| ११/२९/२०७८ | २७२१९ | किरिया खर्च | रोहित शर्मा | १००००० |
| ०३/२०/२०७९ | २७२१९ | किरिया खर्च | केशव नापित | २५००० |
| ०३/२२/२०७९ | २७२१९ | किरिया खर्च | मो करिमुल हुसेन | १५००० |
| | | | | ६१५०९१८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | अध्यावधिक बेरुजु | |

अध्यावधिक बेरुजु

**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १४२६४२ | **०** | **१८०८२८** | **०** | **३२३४७०** |